# मुहर्रमको विशेषताहरु

र,त्यसको बिदअतहरु बाट सतर्कता

## र,त्यसको बिदअतहरु बाट सतर्कता

فضائل شهر الله المحرم ، والتحذير مما أُحدث فيه من البدع والضلالات


**लेखकः मुहम्मद उस्मान आलम**

محمد عثمان عالم

**संशोघनः शैख़ अज़ीमुद्दीन सुन्दर**

مراجعة: الشيخ عظيم الدين سندر



प्रकाशन

आमन्त्रण तथा सहयोगी प्रदर्शन कार्यालय रबवाह

*المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات بالربوة - الرياض*

islamhouse.com

# P

## बिस्मिल्लहिर्रहमानिर्रहीम

शुरु अत्यन्त करुणामय,परम दयालु अल्लाहको नामबाट।

إن الحمد لله نحمده ونستعينه ونستغفره ونعوذ بالله من شرور أنفسنا ومن سيئات أعمالنا ، من يهده الله فلا مضل له ومن يضلل فلا هادي له ، وأشهد أن لا إله إلا الله وحده لا شريك له وأشهد أن محمدا عبده ورسوله صلى الله عليه وعلى آله وأصحابه وسلم تسليما كثيرا، أما بعد :

सम्पुर्ण प्रशंसा र गुण-गाण अल्लाहीको लागी हो जुन यस संसार को पालनकर्ता हो। र,हामी उसै संग क्षमायाचना गर्छौं। र, हामी अल्लाह तिर आफ्नो मनहरुको पापहरुबाट शरण पर्छौं। जस लाई अल्लाहले हिदायत(सिधामार्ग) दिएको हो,उनीलाई कोही पथ्भर्षट गरन सक्दैन। र, हामी यो पनी साक्षी दीन छौं कि सत्य ईशवर मात्र एउटा अल्लाह हो। र ऊसको कोही पनी साझी छैन। र, हामी यो पनी साक्षी दीन छौं की मुहम्मद अल्लाहको सेवक र दुत्त हुन्। ऊनी र, उनका साथीहरु ,परीवारहरु माथी धेरै धेरै शान्ती होस।

**अल्लाहको महीना मुहर्रम** एउटा महान र शुभ महीना हो। हिज्री-वर्ष-इस्लामी जन्त्री-को यो प्रथम महीना

हो। र त्यो चार हुर्रमतवाला महीनाहरु मध्य एक हो। जसको विषयमा अल्लाहको कथन हो।

**[إنَّ عِدَّةَ الشُّهُورِ عِندَ اللّهِ اثْنَا عَشَرَ شَهْراً فِي كِتَابِ اللّهِ يَوْمَ خَلَقَ السَّمَاوَات وَالأَرْضَ مِنْهَا أَرْبَعَةٌ حُرُمٌ ذَلِكَ الدِّينُ الْقَيِّمُ فَلاَ تَظْلِمُواْ فِيهِنَّ أَنفُسَكُمْ ]**

महिनाहरुको गणना अल्लाहकहाँ त्यसै दिनदेखि उनको किताबमा बाह्र रहेको छ। जुन दिन उनले आकाशहरु तथा पृथ्वीको सिर्जना गरे। र, त्यसमध्य चार वटा महिना आदरका छन,। यही सिधा दीन हो। अनी यी महिनाहरुमा (युद्ध गरेर) स्वयंमाथी अत्याचार नगर्नु। र, तिमीहरु सबै मिलेर मुशिरिकहरुविरुद्ध युद्ध गर जसरी तिनीहरु सबै मिलेर तिमीहरुविरुद्ध युद्ध गर्छन,। र,जानीराख अल्लाह ईशभय राखनेहरुका साथ छन,।

अबू बक्र ऱज़ियल्लाहु अन्हु बाट वर्णित हो कि दुत्त मुहम्मद सल्लाहु अलैहि व सलम्म ले भनेः

^^ काल् समय घूरे फिरे पछी उसै अवस्थामा आएको छ। जसरी कि उस समय थिये जब अल्लाहले आकाश र धर्तीको रचना गरे, वर्ष १२ महिनाको हुन्छ। जसमध्य चार वटा हुर्मत-सम्मान एवं प्रतिष्टा- वाला हुन्छन,। तिन वटा लगातार हुन छन्; ज़ुल-क़अदा, ज़ुल-हिज्जा र मुहर्रम अनी चोथों रजब(मुज़र क़बीला मध्य संबंधित रजबको महिना हो।) जुमादल –आखिरा र शाबानको मध्यमा हुन्न छ।(सहीह बुखारी र मुस्लिम)

अर्थ यो हो कि मुहर्रमको महिना उनी महिनाहरु मध्य एक हो जुन अल्लाहले आकाश एवं धरती रचना गर्ने दिन देखी हुर्मत,सम्मन र प्रतिष्टावाला महिना धोषित गरेको हो र विशेष रुप ले ईनी महिनाहरुमा अत्याचार गर्ने, एवं लड़ाई-झगड़ा र पाप गरेर यसको सम्मान एंव प्रतिष्टा  गर्न बाट रोके को छ।

अतः अल्लाहको आगापलन गर्दै ईनी महिनाहरुको सम्मान गर्न आवश्यक र अनिवार्यहो।

यस बाट यो स्पष्ट हुन्छ कि मुहर्रमको महिनाको हुर्मत धेरै पुरानो र प्राचीन हो। र यसको हज़्रत हुसैन रज़ियल्लाहु अन्हु कि शहादतको धटना बाट कोही संबंध छैन। जुन नबी सल्लल्लाहु अलैहि व सल्लमको देहान्तको ५० वर्ष पछी धटना भये। अतः यस धटना को कुनै संबंधित नबी सल्लल्लाहु अलैहि व सल्लम बाट जोड़ने जायज़ होइन किनकी त्यो असत्य हो।

**मुहर्रम महिनाको फज़ीलतः** यदी यस महिनामा गर्ने विशिष्ट कार्यको विषयमा जुन सही हदीसहरुमा नबी सल्लाल्लाहु अलैही व सल्लम बाट प्रमाणित छ। त्यसको उल्लेख तल छ।

1- सामान्य रुपले मुहर्रम महिनाहरुमा सके सम्म नफ्ली रोजा(व्रत) बस्नको **फजिलतः**

अबु हुरैरह रज़ियल्लाहु अनहु को भनाई हो कि अल्लाहको दुत्त मुहम्मद सल्लाल्लहु अलैही व सल्लम को कथन हो किः

**रमजान महीना बाहेक सब भन्दा श्रेष्ट र राम्रो रोजाहरु अल्लाहको नजिक मुहर्रम महिनाको रोजा हो।**
यसै हदीस बाट मुहर्रम महिनामा सामान्य रुपले रोजा(व्रत) बस्नेको फज़ीलतको थाहा हुन्छ। तथा यस महिनामा सके सम्म व्रत(रोजा) बसौं तर पुरै महिनाको रोजा न बसौं; किनभने हाम्रो दुत सल्लाल्लाहु अलैही व सल्लम बाट रमज़ान बाहेक कसै महिनाको पुरा रोजा राखन् प्रमाणित छैन।

## २-आशुराको व्रत(रोजा) बस्नेको फज़ीलतः

मुहर्रम महिनाको दसवीं दीनको अरबी भाषामा-आशुराको दिन- भन छ। इतिहासमा यो एक महान दिन हो। जसमा अल्लाहले आफ्ना दुत मूसा अलैहिस्सलाम र उन्का समाज बनी इस्राईललाई उनीहरुका समय कालका एक धैरै घमण्डी अत्याचार राजा फिरऔन बाट मुक्ति दिलाऐ। र, फिरऔनलाई उनको समाज संगै समुद्रमा डुबाइ दिऐ। यसै कारण मुसा अलैहिस्सलामले अल्लाह तआलाको शुक्र( कृतज्ञ )को लागी व्रत (रोजा) बसे । मुसा अलैहिस्सलामको अनुसर्ण गर्दै ईनी यहुदीहरु पनी यो दीनमा रोजा(व्रत) बस्दै थिऐ।

**सहिह बुखारी र मुस्लिमको** एक हदीसमा हज़्रत आयशा रज़ियल्लाहु अन्हा बाट वर्णित छ कि जायहलियतको समयकालमा क़ुरैश पनी यस दीनको रोजा(व्रत) बस्दैथिऐ।

**अब्दुल्लाह बिन अब्बास** रज़ीयल्लाहु अन्हुमा भन्दै छन्। कि जब नबी सल्लाल्लाहु अलैहे व सल्लम मक्का बाट हिज्रत गरे र मदीना पुगे पछी यहुदीहरुलाई आशुराको रोजा(व्रत) बस्दै हेरे। त्यस बेला सोधनु भऐ कि-यो के हो? उनीहरुले भने यो एक शुभ दीन हो। यसै दीनमा अल्लाहले बनी इस्राइललाई उनीहरुको दुशमनहरु (शत्रुहरु) बाट मुक्ति दिलाउनु भऐ। यसै कारणले गर्दा मूसा अलैहीस्सलामले त्यो दीनको रोजा(व्रत) बसे , तब नबी सल्लाल्लाहु अलैही व सल्लमले भन्नु भयो कि ,- **म मूसा अलैहीस्सलामको तिमी भन्दा अधीक योग्य छु।**– त तपाईले यस दीनको रोजा(व्रत) बसे र आफ्ना साथीहरुलाई पनी यस दीनमा रोजा बस्नको आदेश दिऐ। ( सहीह बुखारी एवँ सहीह मुस्लिम)

**विशेष रुपले रमजानको** रोजा फ्रज(अनीवार्य) हुदाँ अधीनै नबी सल्लाल्लाहु अलैहि व सल्लमले आफ्ना साथीहरुलाई आवश्यक रुपले आशुराको रोजा(व्रत) बस्नको आदेश दिंदैथिऐ। र यसको लागी उस्काउनदै पनी थीऐ। जसरीके सहीह मुस्लिम (हदीस न.११३८) मा जाबिर बिन समुराको हदीस बाट थाहा हुन्छ।

**तथा रुबैयिल बिन्त मुअब्बीज** रज़ीयल्लाहु अन्हा भन्दैछीनः" कि नबी सल्लाल्लाहु अलैही व सल्लमले आशुराको बिहानै यो खबर अन्सारको बस्तीहरु (गाँवघर)मा प्रचार प्रसारकोलागी आदेश दिऐः कि **जुनले**

**बिहानैमा खान,पिउन गरी सकेका छन उनी शेष दीनको(रोजाको अवस्थामा) पुरा गरौं, र, जसले बिहान केही खाऐ पिऐ को छैन उसले रोजा(व्रत) बसौं।** उनी **फेरी** भन्दै छीन कि फेरी हामी यस दीनमा रोजा बस्दै थिऐ, ऱ आफ्ना बालकहरुलाई पनी रोजा बसाँउदै थीऐ,र हामी उनी बालकहरुको लागी रुईको खेलोना( ) बनाएर राख्दैथिऐ, जब उनी भुकको कारणले रुन्थीऐ तब हामी यो खेलोना उनीहरुलाई दीऐर भुलाउँदै थीऐ। जब रोजा खोलन् बेले आउँ थीये।(सहीह बुखारी एव सहीह मुस्लिम)

**सल्माह बिन अकबाह रज़ीयल्लाहु अन्हु बाट वर्णित छ कि** उनले भने किः "नबी स्ल्लाल्लाहु अलैहि व सल्लमले अस्लम समाज(क़बिला)को एक जना व्कीलाई आदेश दिऐ मानीसहरुमा यो घोषणा गरीदेऊ कि जसले केही खाईको छ उनी शेष दिन रोजाको हालतमा पुरा गरौं र जसले केही पनी खाऐ पिऐको छैन; उनीहरु आज रोजा बसौं। किनकी आज आशुराको दीन हो।" (सहिह बुखारी एवँ सहिह मुस्लिम)

**तथा अब्दुल्लाह बिन अब्बास** रज़ीयल्लाहु अन्हुमा भन्दै छः

"मैले अल्लाहको दुत सल्लाल्लाहु अलैहि व सल्लमलाई आशुराको दिन र रमजानको महीना बाहेक कसै अन्य दिनको अर्को दिनहरु मध्य अफ़जल(राम्रो) बुझेरे रोजा बस्दै पाऐ न।" (सहिह बुखारी एवँ सहिह मुस्लिम)

रमजानको रोजा फर्ज़(अनिवार्य) हुने पछी आशुराको रोजाको अनिवार्यता समाप्त भऐ, तर यो रोजा अहीले पनी राखन मुस्तहब(राम्रो)हो।

2- आशुराको रोजा एक वर्ष सम्म पापहरुको कफ्फ़ारा हो।

अबु कतादह रज़ीयल्लाहु अन्हु ले दुत्त सल्लाल्लाहु अलैहि व सल्लम बाट यो रिवायत गरऐको छ। कि तपाईले भन्नु भयेः

"आशुरा दिनको रोजा को बारेमा मलाई अल्लाह तआला बाट आशा छ कि पुर्व एक वर्ष सम्मको सम्पुर्ण पापहरुको कफ्फारा(पवित्र गर्ने योग्य) भऐ हाल छ।" ( सहिह मुस्लिम)

४-आशुरा दिनको रोजाको साथै एक दिन अगाडी र एक दिन पछाढी पनी रोजा बसौं।

अब्दुल्लाह बिन अब्बास रजियल्लाहु अन्हुमाले भन्नु भऐ को छ किः जब अल्लाहको दुत्त सल्लाल्लाहु अलैहि व सल्लम ले आशुराको रोजा बसे र उस दिनको रोजा बस्नको आदेश दिऐ, तब मानिसहरुले भनेः हे अल्लाहको दुत्त! यहुद र ईसाई(कृस्चन्)पनी यो दिन लाई धेरै महत्व दीन छ्न। फेरी रसूल सल्लाल्लाहु अलैहि व सल्लमले भनेः- **यदी अल्लाहले चाहयो भने आउने वर्ष हामीहरु पनी नवीं तारेखको रोजा बस् छौं।**" इब्ने अब्बासले भन्नु भऐको छ किः आउँदो वर्ष देखी अघिनै उहाँलाई अल्लाहको प्यारो भैदीयो। - एक रिवायतको शब्द योहोकिः "**यदि म आउने वर्ष सम्म जिउँदो रहनु भयो भने नवीं तारेखको पनी रोजा बस छौं**"

(सहिह मुस्लिम)

**तथा अब्बदुल्लाह बिन अब्बास** रज़ीयल्लाहु अन्हुमा भन छ कि अल्लाहको रसूल सल्लल्लाहु अलैहि व सल्लम ले भन्नु भयोः

"**आशुराको रोजा बसौं, र यसमा यहुदीहरुका बिरोध गरौं, यस प्रकारको रोजा आशुरा देखी एक दिन अघी र उसको एक दिन पछी रोजा बसौं**" (मुसनद अहमद)

अर्थातः( ९,१० मुहर्रम अथ्वा १०, ११ मुहर्रमको रोजा बसौं।).

**अल्लामा इब्ने कैय्यिम** रहिमहुल्लाहले भन्नु भऐको छः "आशुराको रोजा तिन प्रकारको हुन्" सब भन्दा पहिलो यो हो किःयसको एक दिन अगाडी र एक दिन पछाडी पनी रोजा बसौं(अर्थात ९,१० र११मुहर्रमको रोजा बसौं) दोस्रो प्रकार यो हो कि ९ र १० मुहर्रमको रोजा बसौं, र अधीकांश हदीसहरुमा यसैको उल्लेख छ। तेस्रो प्रकार यो हो कि मात्र १० मुहर्रमको बसौं।" (जादुल मआद २/७५,७६)

**मुहर्रम महिना संग** संबन्धित संक्षिप्त रुपले त्यो कुराहरु हो जुन सहि हदिसहरु बाट प्रमाणित छ,रोजा बाहेक कुनै अर्को कार्यहरु यस महिनामा गर्न हाम्रो दुत्त सल्लाल्लाहु अलैहि व सल्लम बाट प्रमाणित छैन।

## मुहर्रमको बिदअतहरुः

हाम्रो दाजु भाई दीदी बहीनीहरु जुन बिदअतहरु गर्छन त्यो बिदअतहरु तल हुन्न्।

1- ताजीया बनाउन छन।

2- ताजीयाहरुको तव्वाफ(परिकर्मा) गर्छन।

3- ठुला ठुला मेलाहरु लगाउँ छन।

4- यसमा पुरुषहरु धेरै कुद फाँद र लाठहरु भाँज छन।

5- ढोल ताशाहरु बजाउँ छन।

6- रक्सी खाएेर नाच गानाहरु पनि गाउछन जन हराम हो।

7- यसमा महीलाहरु पनी कुद फाँद गर्छिन। र गीतहरु पनी गाउनछिन।

8- र यो कार्यहरु चन्द्रमाको ९ तारेख देखी ११ तारेख सम्म गर्छन।

9- र आफ्ना छातीहरुलाई कुट् छन्।

10- आफ्ना शरीर बाटै रग्त पनि बगाउन छन्।

11- माटीको पीरी हिन्दु जस्तै बनाएेर त्यहा हिन्दु जसतै पुजा पाट र फातीहाहरु पढ छन् यो खुलम खुला शिर्क(अल्लाहसंग साझीदार बनाउने) हो। र ,अरु धेरै किसीमको बिद्अतहरु पाईन छ। जुन हम्रो समाजमा फैलीऐको हो।

,र अरु धेरै प्रकारका कार्यकर्म गर्छन् जुन कार्यकर्म इस्लाम बिरोध हुन,र मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको सत्य धर्मको बिरोध हुन्। यस कार्यहरुसंग इस्लाम धर्मलाई केही सम्बन्ध छैन,किनकी हाम्रो दुत्त मुहम्मद सल्लाल्लाह अलैही व सल्लमको कथन हो।()अर्थातः" जसले हाम्रो दीन(धर्म)मा नयाँ नयाँ कार्य(बिद्अत)गर्छन जुन बिदअतहरु हामी बाट प्रमाणीत छैन। त्यो

मरदुद(अस्वीकृति)हो।" र अब हामी अल्लाह सित प्रार्थना गर्छौं कि हामी र हाम्रो सम्पुर्ण मुस्लिम दाजु भाई र दीदी बहिनीहरुलाई सिधोबाटो देखाउँ।

وآخر دعوانا أن الحمد لله رب العالمين، وصلى الله على نبينا محمد وعلى آله وصحبه، وسلم تسليماً كثيراً.

सम्पर्कईमेल:bufillm11@gmil.com